महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

Logo

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ
८०३३०५०९३००
बेनीघाट रोराङ्ग गाउँपालिका , धादिङ

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

Logo

प.सं.:२०८०/८१ मिति : २०८०-६-२५

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ ,
बेनीघाट रोराङ्ग गाउँपालिका , धादिङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०६/ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) मा ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फस्यौंट गरी सम्परीक्षणका लागि महालेखापरीक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

दिनेश मिश्र
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरवार, काठमाण्डौ,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक
कार्यालय,धादिङ्ग,
ptco.dhading@gmail.com

# परिचय

१ **परीचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस पालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित क्षेत्रफल २०६.52 वर्ग किलोमिटर, 31475 जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत 10 वडा वाट ५१ गाउँसभा सदस्य रहेका छन् ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०८ देखि २०८०।०६।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ , राजश्वतर्फ, धरौटीतर्फ , अन्य कारोबारतर्फ र आय – व्ययतर्फको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

## २ संचित कोषको आय व्यय

• स्थानीय संचित कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

• प्राप्ती भुक्तानी हिसाव

• आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३२

| | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | |
| विवरण | यसवर्ष रु. | गतवर्षरु. | | | |
| बजेट | आफैलेगरेको प्राप्ति/ भुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/ भुक्तानी | जम्मा | |
| **प्राप्ती (क+ख)** | ८३,००,५४,८६५.०० | ६९,३३,४१,८४४.३३ | ६९,३३,४१,८४४.३३ | ६४,९५,६८,६१२.८८ | ६४,९५,६८,६ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ८२,४८,९५,०००.०० | ६८,४३,५२,५९४.३३ | ६८,४३,५२,५९४.३३ | ६४,१६,५६,५६२.८८ | ६४,१६,५६,५ |
| ११००० कर | १६,४१,६८,०००.०० | १३,६७,२०,८८६.६४ | १३,६७,२०,८८६.६४ | १२,८६,०३,८३१.८८ | १२,८६,०३,८ |
| १३००० अनुदान | ५७,९१,१५,०००.०० | ५१,९९,५२,४२२.७९ | ५१,९९,५२,४२२.७९ | ४९,७०,५२,०५७.५० | ४९,७०,५२,० |
| संघीय सरकार | ४९,२२,९२,०००.०० | ४५,१६,५८,४२०.७९ | ४५,१६,५८,४२०.७९ | ४५,२३,९०,४१८.५० | ४५,२३,९०,४ |
| प्रदेश सरकार | ८,६८,२३,०००.०० | ६,८२,९४,००२.०० | ६,८२,९४,००२.०० | ४,४६,६१,६३९.०० | ४,४६,६१,६३ |
| १४००० अन्य राजस्व | ३,१५,१२,०००.०० | २,७६,७९,२८४.९० | २,७६,७९,२८४.९० | १,६०,००,६७३.५० | १,६०,००,६७ |
| १५००० विविध प्राप्ति | १,००,०००.०० | ० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | ५,००,००,०००.०० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ५१,५९,८६५.०० | ८९,८९,२५०.०० | ८९,८९,२५०.०० | ७९,१२,०५०.०० | ७९,१२,०५०. |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | ५१,५९,८६५.०० | ५,५१,४५०.०० | ५,५१,४५०.०० | २०,००,०००.०० | २०,००,०००. |
| धरौटी | ० | ८४,३७,८००.०० | ८४,३७,८००.०० | ५९,१२,०५०.०० | ५९,१२,०५०. |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | ८३,००,५४,८६५.०० | ६५,९२,२९,१३७.७१ | ६५,९२,२९,१३७.७१ | ६०,७६,६५,२५४.०७ | ६०,७६,६५,२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ८२,४८,९५,०००.०० | ६४,७४,३१,२८२.७१ | ६४,७४,३१,२८२.७१ | ५९,६९,५६,७३९.५८ | ५९,६९,५६,७ |
| २१००० पारिश्रमिक / सुविधा | १२,०४,३२,०००.०० | ९,७६,२२,१९६.१५ | ९,७६,२२,१९६.१५ | १८,३२,९१,९९७.१५ | १८,३२,९१,९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ९,३७,१७,०००.०० | ५,८८,७६,७७७.०० | ५,८८,७६,७७७.०० | ११,७४,४१,५३३.४३ | ११,७४,४१,५ |
| २५००० सहायता (Subsidy) | २१,८३,६९,०००.०० | २०,९९,२९,६२०.४९ | २०,९९,२९,६२०.४९ | २,५६,६८,०३४.०० | २,५६,६८,०३ |
| २६००० अनुदान | ५,१०,०००.०० | ३,३७,९००.०० | ३,३७,९००.०० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १,९४,७१,०००.०० | १,६२,७६,७५१.०० | १,६२,७६,७५१.०० | १,१५,११,७९२.०० | १,१५,११,७९ |
| २८००० अन्य खर्च | ३७,००,०००.०० | २९,४३,६४७.०० | २९,४३,६४७.०० | २२,२९,६३६.०० | २२,२९,६३६. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ३६,८६,९६,०००.०० | २६,१४,४४,३९१.०७ | २६,१४,४४,३९१.०७ | २५,६८,१३,७४७.०० | २५,६८,१३,७ |
| घ. अन्य भूक्तानी | ५१,५९,८६५.०० | १,१७,९७,८५५.०० | १,१७,९७,८५५.०० | ६०,७६,६५,२५४.०७ | ६०,७६,६५,२ |
| कोषहरु | ५१,५९,८६५.०० | ४८,०१,१४५.०० | ४८,०१,१४५.०० | ५२,२९,२७८.४९ | ५२,२९,२७८. |
| धरौटी | ० | ६९,९६,७१०.०० | ६९,९६,७१०.०० | ५४,७९,२३६.०० | ५४,७९,२३६. |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको | | ३,४१,१२,७०६.६२ | ३,४१,१२,७०६.६२ | ४,१९,०३,३५८.८१ | ४,१९,०३,३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| बचत (न्युन) | | | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ८,७०,६१,१०९.१२ | ८,७०,६१,१०९.१२ | ४,०८,८१,५९३.४१ | ४,०८,८१,५९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | १२,११,७३,८१५.७४ | १२,११,७३,८१५.७४ | ८,२७,८४,९५२.२२ | ८,२७,८४,९५ |
| बैंक तथा नगद बाकी | | १२,११,६२,४१५.७४ | १२,११,६२,४१५.७४ | ८,२४,६०,९५२.२२ | ८,२४,६०,९५ |

कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट (CGAS ) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको सामाजिक सुरक्षाको रू १२४५२६२७२.00, स्थानीय तह प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रम को रू १४९४२९२४.00 गरिबसंग विश्वेश्वर रू 427000.00 र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यक्रमको रू 13326012.00 रकम समावेस गरेको छैन । उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमा समावेस भएको छैन । पालिका हुने सवै खर्च सूत्रमा प्रविष्टि गरी खर्च गर्नु गराउनु पर्दछ ।

## ३ एकिकृत आय व्यय

पालिकाको आर्थिक वर्ष ०७९।८० को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.न. | आय तर्फ | सि.न. | व्यय तर्फ | | | | |
|---|---|---|---|---|---|---|---|
| बिबरण | रकम | रकम | बिबरण | रकम | रकम | | |
| 1 | **बैंक मौज्दात** | | **82,692,414.00** | 1 | **चालु खर्च** | | **385,986,891.** |
| | संचित कोषखाता | 71,552,530.22 | | | नेपाल सरकार समानीकरण अनुदान | 8,421,500.00 | |
| | विविध कोषखाता ग ५ समुह | 0 - | | | नेपाल सरकार सशर्त अनुदान | 253,212,352.79 | |
| | धरौटीखाता | 10,908,422.00 | | | प्रदेश सरकार सशर्त अनुदान | 5,809,304.00 | |
| | प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह | 0 - | | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | 14,693,297.99 | |
| | विविध खर्च खाता /कोष- बैंक (ग २-७) | -0 | | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | 75,666,507.38 | |
| | शुन्य पश्चात संचित कोषमा रकम फिर्ता | 231,461.78 | | | राजस्व बाँडफाड स्थानीय सरकार तर्फ | 9,947,415.48 | |
| **२** | **राजस्व** | | **164,507,771.59** | | आन्तरिक श्रोत | 18,236,514.00 | |
| | आन्तरिक राजस्व | 43,348,268.15 | | **२** | **पुजीगतखर्च** | | **261,444,391.** |
| | राजस्व बाँडफाँड - प्रदेश सरकार | 29,103,251.60 | | | आन्तरिक श्रोत | 49,273,274.00 | |
| | राजस्व बाँडफाँड - संघीय सरकार | 92,056,251.84 | | | नेपाल सरकार समानीकरण अनुदान | 114,719,193.00 | |
| **3** | **संघिय सरकार अनुदान** | | **451,658,420.79** | | नेपाल सरकार सशर्तअनुदान | 17,560,008.00 | |
| | बितिय समानीकरण | 161,042,500.00 | | | प्रदेश सरकार समपुरक अनुदान | 16,113,918.00 | |
| | सशर्त अनुदान चालु | 253,212,352.79 | | | प्रदेश सरकार समानीकरण अनुदान | 13,940,295.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शसर्त अनुदान पुजिगत | 17,560,008.00 | | | प्रदेश सरकार सशर्त अनुदान | 24,453,449.00 | |
| | समपुरक अनुदान पुजिगत | 19,843,560.00 | | | नेपाल सरकार समपुरक अनुदान | 19,843,560.00 | |
| **४** | **प्रदेश सरकार अनुदान** | | **68,294,002.00** | | प्रदेश सरकार विशेष अनुदान | 4,569,331.00 | |
| | बितिय समानीकरण | 17,348,000.00 | | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | 971,363.00 | |
| | सशर्त अनुदान | 30,262,753.00 | | | | | |
| | समपुरक अनुदान | 16,113,918.00 | | | | | |
| | विशेष अनुदान | 4,569,331.00 | | | | | |
| **५** | **अन्तरसरकारी अख्तियारी- संघिय सरकार** | | 139,896,196.00 | **३** | **अन्तरसरकारी अख्तियारी- संघीय सरकार** | | **139,896,196.(** |
| | गरिबसंग विश्वेश्वर [३36001023] | 427,000.00 | | | गरिबसंग विश्वेश्वर [३36001023] | 427,000.00 | |
| | सामाजिक सुरक्षा तथा संरक्षण [३१४०१०१२३] | 124,526,272.00 | | | सामाजिक सुरक्षा तथा संरक्षण [३१४०१०१२३] | 124,526,272.00 | |
| | स्थानीय तह प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रम [३47021074] | 14,942,924.00 | | | स्थानीय तह प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रम [३47021074] | 14,942,924.00 | |
| **६** | **अन्तरसरकारी अख्तियारी- प्रदेश सरकार** | | | **४** | **अन्तरसरकारी अख्तियारी- प्रदेश सरकार** | | 13,326,012.0( |
| | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम [301911203] | 13,326,012.00 | | | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम [301911203] | 13,326,012.00 | |
| **७** | **विविध खर्च खाता /कोष- बैंक (ग २-७)** | | 2,000,000.00 | **५** | **विविध खर्चखाता / कोष- बैंक (ग २-७)** | | 2,000,000.00 |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सडक वोर्ड अनुदान | 2,000,000.00 | | | सडक वोर्ड अनुदान | 2,000,000.00 | |
| ९ | **स्थानीय तह बिबिध कोष खाता-ग-५** | | 107,200.00 | ७ | **स्थानीय तह बिबिध कोष खाता-ग-५** | | |
| | बिबिध कोष खातामा निकासा आय | 107,200.00 | | | बिबिध कोष खातामा निकासा आय | - | - |
| १० | **स्थानीय तहआकस्मिक कोष खाता-ग-७** | | 1,100,000.00 | ८ | **स्थानीय तहआकस्मिक कोष खाता-ग-७** | | |
| | खर्च खातावाट निकासा आय र अन्य आय | 1,100,000.00 | | | खर्च खातावाट निकासा आय र अन्य आय | - | - |
| ११ | **धरौटी आय** | | 8,437,800.00 | ९ | **धरौटीफिर्ता** | | 6,996,710.00 |
| | बिभिन्न व्यक्ति/ फर्म/संस्थाबाट | 8,437,800.00 | | | बिभिन्न व्यक्ति/ फर्म/संस्थाको धरौटी फिर्ता | 6,996,710.00 | |
| | | | | १२ | **अन्तिम मौज्जात (बचत रकम )** | | 122,369,615.7 |
| | | | | | संचित कोषखाता | 108,693,903.74 | |
| | | | | | आकस्मिक कोष | 1,100,000.00 | |
| | | | | | धरौटीखाता | 12,468,512.00 | |
| | | | | | बिबिध खर्च खाता/ कोष- बैंक (ग २-७) | 107,200.00 | |
| | **जम्मा आय रकम रु.** | | **932,019,816.38** | | **जम्मा व्यय रकम रु.** | | **932,019,816.3** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ४ वित्तीय प्रतिवेदनको बिश्लेषणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन। यसमा सुधार हुनु पर्दछ पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रू १२४५२६२७२.00, स्थानीय तह प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रमको रू १४९४२९२४.00 गरिबसंग विश्वेश्वर रू 427000.00 र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यक्रमको रू 13326012.00 सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.२ फरक हिसाब –यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू ४३६८६९५.१२ यस वर्षको प्राप्ति रू (१५५९८५५५८.०५),यस वर्षको भुक्तानी रू (१५०४२१०६२.९३) र बैङ्क मौज्दात रू (१२०७२००) फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | 87061109.12 | 693341844.33 | 659229137.71 | १२११६२४१५.७४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८२६९२४१४.00 | 849327402.38 | ८०९६५०२००.६४ | १२२३६९६१५.७४ |
| फरक | ४३६८६९५.१२ | (१५५९८५५५८.०५) | (१५०४२१०६२.९३) | (१२०७२००) |

लेखापरीणका क्रममा वित्तिय प्रतिवेदन र लेखांकनमा फरक रहेको कारण स्थानिय तहले पेश गरेको आय व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिम वित्रिय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्यायको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४.३ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू 82560952.22 मौज्दात रहेकोमा यो वर्ष रू ८७०६११०९.१२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू ४५००१५६.9 बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ आय व्यय- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न पालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।

सैद्धान्तिक बेरुजु

४.५ बित्तिय विवरण यथार्थ नदेखिएकोः म.ले.प.फा.नं. २७५ मा समावेश हुने खर्चको विवरण अनुसार म.ले.प.फा.नं. २७५ को वित्तिय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भूक्तानी हिसाव यथार्थ हुनु पर्दछ । म.ले.प.फा.नं. २७५ मा भएको खर्चको विवरण म.ले.प.फा.नं. २७५को वित्तय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भुक्तानीका निम्न खर्च शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| खर्च शिर्षक | म.ले.प.फा.नं.२७२ र २७५ | म.ले.प.फा.नं. २७५ मा श्रोत गत भएको | फरक |
|---|---|---|---|
| ३११५१ सडक तथा पूल निर्माण | 119252674.00 | 83302621.00 | 35950053.00 |
| ३1111आवसीय भवन निर्माण/खरीद | 2282728.00 | 2275303.00 | 7425.00 |

जसले गर्दा म.ले.प.फा.नं. २७२ मा देखिने मौज्दात रकम पनि फरक पर्ने हुँदा सम्वन्धित निकायले पेश गरेको विवरण यथार्थ देखिएन ।साथै संचित कोषको बैंक नगदी किताव, श्रोत समावेश भएको आर्थिक विवरण (म.ले.प.फा.नं. २१४) र खर्च शिर्षक अनुसार गोश्वारा भौचर (म.ले.प.फा.नं. २०३) परीक्षण गर्दा म.ले.प.फा.नं. २७५ र म.ले.प.फा.नं. २७२ सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन।यसबाट पालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

सैद्धान्तिक बेरुजु

४.६ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार

गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | 108693903.74 | 108693903.74 | |
| आकस्मिक कोष खाता | 1100000.00 | 1100000.00 | |
| कर्मचारी कल्याण कोष खाता | 107200.00 | 107200.00 | |
| धरौटी | 12468512.00 | 12468512.00 | |
| बैङ्क | 122369615.74 | 122369615.74 | |
| **जम्मा रू** | **२४४७३९२३१.४८** | **२४४७३९२३१.४८** | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.७ गतवर्षको मौज्दातः आ.ब. ०७८।७९ को महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा गत वर्षको मौज्दात रू 82560952.22 देखाएता पनि पालिकाको गत वर्षको निम्नानुसार खाताको मौज्दात लेखापरीक्षणको क्रममा भिडान गर्दा वास्तविक मौज्दात बैंक अनुसार रू 82692414.00 देखिन्छ ।

| क्र.सं. | खाता | मौज्दात रकम |
|---|---|---|
| १ | संचितकोष खाता | 71552530.22 |
| ३ | धरौटी खाता | 10908422.00 |
| ४ | शुन्य पश्चातसंचित कोषमा रकम फिर्ता | 231461.78 |
| | जम्मा रू | 82692414.00 |

कार्यालयको गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा रू 82560952.22 मौज्दात देखाएता पनि गत बर्षको मौज्दात विवरण परीक्षण गर्दा रू 82692414.00 देखिन्छ ।यस वर्षको बित्तिय विवरणमा मौज्दात रू ११६६७३६५८.८४ देखाएता पनि पालिकाको सवै आम्दानी, खर्च र मौज्दात परीक्षण गर्दा कार्यालयको बास्तविक मौज्दात रू १२२३६९६१५.74 देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ५ खर्च बिश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू २८२३०७३४.९ राजस्व बाँडफाँड र अनुदानबाट रू ६५६६७३३०९.43 समेत रू ६८४९०४०४४.३३ आम्दानी भएकोमा चालु तर्फ रू ३८५९८६८९१.६४ र पूँजिगत तर्फ रू २६१४४४३९१.०७ र वित्तीय ब्यबस्था तर्फ रू ११७९७८५५.00 समेत रू ६५९२२९१३७.७१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.२८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू 10143030.00 खर्च भएको छ

जुन आन्तरिक आयको 35.92 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 58.78 प्रतिशत चालु र 41.22 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालन मा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र स** | **क्षेत्रगत बजेट** | **बजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| 1. | आर्थिक विकास | 46645000.00 | 33628083.00 | 72.09 |
| 2. | सामाजिम विकास | 420671000.00 | 375492235.85 | 89.26 |
| 3. | पूर्वाधार विकास | 211826643.00 | 140963698.00 | 66.54 |
| 4. | सुशासन विकास | 25681357.00 | 21834802.00 | 85.02 |
| 5. | कार्यालय संचालन तथा प्रशासनिक | 120071000.00 | 75512463.86 | 62.88 |
| | **जम्मा रू** | **824895000.00** | **647431282.71** | **78.48** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी 89.26 प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा सबै भन्दा घटीमा 62.88 प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट पेश, पारित र अख्तियारी –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख टाप बहादुर श्रेष्ठले मिति २०७९।03।10 मा रू 82 करोड 48 लाख 95 हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।03।10 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।04।07 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ बजेट तथा कार्यक्रम तर्जुमा

: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ

सैद्धान्तिक बेरुजु

## १० बजेट तथा कार्यक्रमः

१ वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू 2 61444391.70पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२ लक्ष्य प्रगति : गाउँपालिकाले यसवर्ष 434 र क्रमागत 3 गरी जम्मा 437 योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये यस वर्ष को 6 वटा र 3 वटा क्रमागत गरी जम्मा 9 योजना ठेक्काद्वारा र बाँकी यस वर्षको 428 र क्रमागत शुन्य गरी जम्मा 428 योजना उपभोक्ता समिति मार्फत भएको छ । गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्ष भित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन।अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ ।

३ आवधिक योजना – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४ त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट | कुल खर्च | | चौमासिक खर्च (रू.हजारमा) | आषाढ महिनाको मात्र खर्च | | |
|---|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | | | |
| | **647431282.71** | 89089002.22 | 108447209.26 | 149353522.80 | 300541548.43 | 193671447.00 |
| खर्च प्रतिशत | 78.48 | 10.80 | 13.14 | 18.10 | 36.43 | 23.47 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू. 647431282.71 निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. 89089002.22 (10.80 प्रतिशत), दोस्रो त्रैमासिकमा रू 108447209.26 (13.14प्रतिशत) र तेस्रो त्रैमासिकमा रू 149353522.80 (18.10 प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू 193671447.00 (23.47 प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **सःशर्त अनुदान** –

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सःशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न चार किस्तामा स्थानीयतहमा हस्तान्तरण भएको र सःशर्त अनुदानको रकम आषाढ मसान्त सम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको छ।यस गाउँपालिकालाई संघीय सरकारबाट रु 46 करोड 80 लाख 89 हजार पाँच सय साठी र प्रदेश सरकारबाट रु 8 करोड 48 लाख 23 हजार गरी जम्मा रु 55 करोड 29 लाख 12 हजार पाँच सय साठी प्राप्त भएकोमा संघीय सरकारको रू 45 करोड 16 लाख 58 हजार चार सय बीस खर्च भई बाँकी रू 1 करोड 64 लाख 31 हजार एक सय उनान चालीस र प्रदेश सरकारको रू 6 करोड 82 लाख 94 हजार दुई रुपैया खर्च भई बाँकी रू 1 करोड 65 लाख 28 हजार नौ सय अन्ठान्नब्बे रहेकोमा मिति 2080।03।20 र 2080।03।25 मा संघीय संचित कोष र प्रदेश संचित कोषमा फिर्ता भएको छ।

सैद्धान्तिक बेरुजु

१२ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन:

• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 11 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्य कालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• पालिकाले उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।

• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।साथै ठेक्का फाइल समेत अद्याबधिक देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• मन्त्रालयको मिति 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 142 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण स्थायी तथा करार 124, ज्यालादारी शुन्य, कार्यक्रम तर्फ 16 जना गरी जम्मा 140 जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ।पालिकाले गराएको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन, २०80 अनुसार विभिन्न प्राविधिक 77 पद र प्रशासनिक पद 165 गरी जम्मा 142 पदहरुको प्रस्ताव गरिएको छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टि कोणले महत्वपूर्ण मानिएका, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १४२ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन , सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालन को लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 28 वटा ऐन, 5 नियामावली, 43 वटा निर्देशिका तथा कार्यविधि लगायत ७६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ७६ वटा कानूनहरू निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको २२ गरी कुल २३ विवाद दर्ता भएकोमा 19 वटा मात्र फर्स्यौट भई 4 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **सेवा प्रवाहः**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालिकाले पर्याप्त ध्यान दिनुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| 1. | नागरिकता सिफरिस | 673 |
| 2. | घरबाटो सिफारिस | 617 |
| 3. | नाता प्रमाणित | 318 |
| 4. | जन्म दर्ता | 1103 |
| 5. | मृत्यु दर्ता | 298 |
| 6. | सम्बन्ध विच्छेद<br>ब्ब | 38 |
| 7. | विवाह | 457 |
| 8. | बसाइसराई | 152 |
| 9. | घरनक्सा पासको निवेदन | 40 |
| 10. | अन्य | 1793 |

सैद्धान्तिक बेरुजु

१८ **योजना छनौट र संचालनः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथामिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल 437 योजनाहरु मध्ये रू ० देखि रू १ लाख सम्मको 20 वटा, रू १ लाख देखि रू २ लाख सम्मको 95 वटा, रू २ लाख देखि रू ३ लाख सम्मको 77 वटा, रू ३ देखि रू ४ लाख सम्मको 57 वटा र रू ४ देखि रू ५ लाख सम्मको 25 वटा गरी जम्मा 274 वटा योजना रु. ५ लाख भन्दा कम बजेटको संचालन भएको देखियो । यस्ता वितरणमुखी कार्यक्रमलाई पालिकाले नियन्त्रण गर्नु पर्दछ ।

योजना प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार 272 वडाको लागि वडागत र पालिकास्तरका कुल 165योजनामा वजेट विनियोजन गरेको छ।

| 1. क्र. सं. | 2. कार्यक्रमको नाम | 3. योजना सङ्ख्या | 4. रु.२० लाखमाथिका योजना सङ्ख्या | 5. रु.५ लाखदेखि २० 6. लाख सम्मका योजना सङ्ख्या | 7. रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| 8. १. | 9. पालिकास्तरीय | 10. 165 | 11. 31 | 12. 50 | 13. 84 |
| 14. २. | 15. वडास्तरीय | 16. 272 | 17. 0 | 18. 12 | 19. 260 |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **जिन्सी व्यवस्थापन**

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सम्पूर्ण जिन्सी सामाग्रीको प्रविष्ट गरेको पाइएन।कार्यालय परिसरमा मौजुद सिसि क्यामेरा लागायतका सामाग्री समेत हाल सम्म प्रविष्ट गरेको देखिएन। प्रविष्ट नभएका सामाग्री एकिन गरि अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका पालिकाका वडा कार्यालयहरु, स्वास्थ्य शाखा, स्वास्थ्य चौकीहरु, पशु शाखा तथा पशु सेवा केन्द्रहरुमा भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको देखिएन।पालिकाले जिन्सी हस्तान्तरण गरी अभिलेख अद्यावधिक गराउनु पर्दछ।

• PAMS मा जिन्सी मालसामानको जिन्सी सहायक खाता म.ले.प.फा.नं.४१२ पूर्ण रुपमा प्रविष्ट गरि अद्यावधिक गरेको देखिएन।जसबाट कार्यालयका जिन्सी सामाग्रीको प्रयोगको अवस्था सुरक्षाको स्थिति तथा उपयोगको अवस्था एकिन गर्न सकिएन। कार्यालयले जिन्सी सहायक खाता राखि अद्यावधिक गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **पेश्कीअभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्न निकाय व्यक्ति तथा संस्थालाई रु १,५४,५०,०००।०० पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| सि नं | नाम | रकम |
|---|---|---|
| १ | महादेव खिम्ती/ कालिका / कृषा जे भि | १५०००००० |
| २ | लिल्ली एन घले कन्स्ट्रक्सन प्रा लि | ४५०००० |
| | जम्मा | १५४५०००० |

सैद्धान्तिक बेरुजु

२२ **मूल्य अभिवृदि कर**

मूल्य अभिवृदि कर ऐन २०५२ अनुसार आय ठेक्कामा कार्यालयलाई प्राप्तहुने राजस्व संघिय राजस्वमा दाखिला गर्नु पर्दछ । जोगामारा कन्ट्रक्सन एण्ड सप्लायर्ससंग दहतर वहत्तरको आय ठेक्का वन्दोवस्त भई निज व्यवसायीसंग मुल्य अभिवृदि कर असुल गरि कार्यालयले संघिय राजस्वमा दाखिला गर्नु पर्नेमा संवन्धित निर्माण व्यवसायीको नाम र प्यान नंवरवाट निजकै तर्फवाट रु ६७७५१८।५८ मु अ कर दाखिला गरेको देखिएकोले उक्त कर संवन्धितवाट असुल गरि संघिय राजस्वमा दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७७,५१८.५८ |

२३ **फोहरमैला व्यवस्थापन –**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू 195680000.00 प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू 164400171.54 अर्थात अनुमान भन्दा १५.98 प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२५ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 579921494.00 | 92952104.17 | 16.02 |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 16.02 प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२६ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 1500000.00 | 1843935.83 | 122.93 |
| घरजग्गा वहाल कर | 1300000.00 | 1739199.9 | 133.78 |
| व्यवसाय कर | 00 | 00 | 00 |
| वहाल विरौटी शुल्क | 100000.00 | 42725.00 | 42.73 |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **राजश्व अभिलेख -**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२८ **राजस्व असुली -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका 10 वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु 5833697.90 असुली भएकोमा रु 5833697.90 दाखिला भएको पाइएको छ ।

| क्र सं | वडा नं | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| 1 | 1 | 253555.00 | 253555.00 | दाखिला भएको |
| 2 | 2 | 334879.62 | 334879.62 | |
| 3 | 3 | 1409459.90 | 1409459.90 | |
| 4 | 4 | 368532.75 | 368532.75 | |
| 5 | 5 | 1467955.10 | 1467955.10 | |
| 6 | 6 | 106655.00 | 106655.00 | |
| 7 | 7 | 555681.31 | 555681.31 | |
| 8 | 8 | 127930.00 | 127930.00 | |
| 9 | 9 | 754873.70 | 754873.70 | |
| 10 | 10 | 554175.52 | 554175.52 | |
| | | 5833697.90 | 5833697.90 | |

सैद्धान्तिक बेरुजु

२९ **राजस्व कर विश्लेषणः**

1. व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क

वापत कुनै कर सङ्कलन गरेको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

2. मनोरन्जन करः स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

3. घर जग्गा बहाल करः गाउँपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू २००००।०० कर संकलन गरेको छ। गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

4. विज्ञापनकर- बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन।तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३० **नाफामूलक संस्थालाई अनुदान –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष गौरीशंकर कृषि बहु उद्देश्यीय सहकारी संस्था लि. नाफामूलक संस्थालाई भवन संरक्षण भनि रू 500000.00 लगायतमा अनुदान दिएको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आयोगको परामर्श –**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको

नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । परामर्श लिएको देखिएन ।

सैद्धान्तिक बेरुजु

३२ **शिर्षकगत अभिलेख**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा बाँकी रहेको लगायतका कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्न पर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष संघिय सशर्त अनुदान शिर्षकमा कुल विनियोजित रकमको शिर्षकगत अभिलेख नराखी, स्वास्थ्या, शिक्षा, महिला, कृषि, पशु र वन तथा वातावरणको एकमुष्ठ अभिलेख राख्नाले विनियोजन अनुसार निकाशा भयो कि भएन भनि एकिन गर्ने आधार छैन । वर्षान्तमा संघिय सशर्त तर्फ निकासा भएको मध्ये कुन शिर्षकको के कति रकम फिर्ता भयो एकिन गर्न सकिएन । शिर्षकगत अभिलेख राखी स्रेस्ता ब्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** –

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरूत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू ६८४०००.00 भुक्तानी दिएको पाईयो ।

| क्र सं | गो.भौ.नं./मिति | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | 116-079/10/18 | सोनाम ल्होछार प्रचार प्रसार समिति | 2859 औ सोनाम ल्होछार मेलाको खर्च | 100000.00 |
| २ | २७१-079/12/26 | प्रगतिशिल महिला समूह | भाडा कुडा खरीद | 145500.00 |
| ३ | 296-080/01/12 | पञ्चकन्या यूवा समाज | समान खरीद | 144500.00 |
| ४ | | भैरवी यूवा क्लब | समान खरीद | 97000.00 |
| ५ | | अकलादेवी आमा समूह | समान खरीद | 97000.00 |
| ६ | | मिलिजुली कृषक समूह | भाडा खरीद | १०००००.०० |
| | | **जम्मा** | | ६८४०००.00 |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३४ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३६वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत रहेका सहकारी संस्थाको अवस्था निम्नानुसार देखिन्छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रू | बचत रू | ऋण लगानी | जगेडा कोष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साना किसान कृषि सहकारी –पशुपालन तरकारी तथा फलफूल सहित_ | 18 | 6967 | 52717100 | 147995910 | 367230356 | 79140130 | 18 वटा मध्ये 10 वटाको मात्र |
| बचत तथा ऋण सहकारी | 6 | 2207 | 14182500 | 69705268 | 94312984 | 7670256 | 6 वटा मध्ये 4 वटाको मात्र |
| बहुउद्देश्यीय सहकारी | 7 | 2082 | 4712000 | 21357729 | 58902858 | 10777710 | |
| दुग्ध सहकारी | 3 | 35 | 35000 | 618177 | 653822 | 1277419 | 1 वटाको मात्र |
| उद्यमी सहकारी | 2 | 378 | 465000 | 4192556 | 4001555 | 5125767 | 1 वटाको मात्र |
| | 36 | 11669 | 72111600 | 243869640 | 525101575 | 103991282 | |

सैद्धान्तिक बेरुजु

## ३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन मा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत 10 वडामा ९ योजना सञ्चालन गरी यस वर्ष 61 जनालाई औसत

97.22 दिनले ९० देखि 100 दिन रोजगारी उपलव्ध गराई रू 3534000.00 श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **जिन्सि दाखिला** (२५७-२०८०-३-१८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कुनैपनि सरकारि कार्यालयले मालसमान खरिद गरेर वा कुनै माध्यमबाट प्राप्त हुन आएको जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई जिन्सि दाखिला गर्नुपर्ने व्यवस्था छ तर यस पालिकामा स्थिति प्रतिवेदन छपाई ५०० थान रु १५९.२ का दरले भ्याट सहित रु ८९९४८ मा खरिद गरेको र जिन्सि दाखिला नदेखिएकोले दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु ...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,९४८ |

३७ **शैक्षिक गुणस्तर सुदृढीकरण**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार नमुना विद्यालयलाई शैक्षिक गुणस्तर सुदृढीकरण मा ३० लाख देखि ५० लाख सम्म अनुदान दिनसक्ने व्यवस्था छ साथै नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ मा उल्लेखित तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन र शैक्षिक सुशासनका न्युनतम शर्त पुरा गर्ने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले श्री चन्द्रोदय मा.वि लाई रु ३० लाख भुक्तानी दिएकोमा शिक्षक नियुक्ति गरि सम्पूर्ण अनुदान शिक्षक कर्मचारी तलबमा मात्र खर्च गरेको पाइयो । उक्त विद्यालयमा स्वीकृत दरबन्दी अनुसार शिक्षक पदपुर्ति पनि भएको र अनुदानको सम्पुर्ण रकम तलबमा मात्रै खर्च हुनु अनुदानको सोहि प्रयोग नदेखिएकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

३८ **छात्रावृत्ति वितरण** (२४५-२०८०-३-१६):

विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ बमोजिम सामुदायिक विद्यालयमा कक्षा ९-१२ मा अध्यनरत विपन्न लक्षित छात्रवृत्तिका का लागि छनौट भएका विद्यार्थीका लागि छात्रवृत्ति दिने व्यवस्था छ । पालिकाबाट ४ वटा देहायबमोजिमका विद्यालयको खातामा रु १३२००० भुक्तानी भएको तर सम्बन्धीत विद्यार्थीले पाएको प्रमाण नभएकोले छनौट भएका विद्यार्थीले बुझेको प्रमाण पेश गर्नुपर्ने रु

| क्र. स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | चन्द्रोदय मा.वि | ५४००० |
| २ | वागेश्वरि मा.वि | ४८००० |
| ३ | पिपलभञ्याङ मा.वि | १८००० |
| ४ | शंखा देवी मा. वि | १२००० |
| जम्मा | | १३२००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३२,००० |

३९ **कृषि अनुदानमा बढि भुक्तानी**

साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७७ बमोजिम कृषि बिँउ बिजनमा ५० प्रतिशत लागत सहभागिता र कृषि प्रविधिमा ८५ प्रतिशत कार्यालयको सहभागीता हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका आलु पकेट निरन्तरता र मकै पकेट कार्यक्रममा अनुदान दिदा ढुवानी खर्च बिँउ र प्रविधि मा कार्यविधिले तोकेको लागत सहभागीता भन्दा बढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु

| भौचर नं | कार्यक्रम | कार्यालयको भुक्तानी | हुनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| ११९ | साना सिँचाई पूर्वाधार | ४९९९८५ | ४८८७३७ | ११२४८ |
| १७७ | खरौटि फचिमटार कृषक समुह | ४७५५०० | ४६८५५६ | ६९४४ |
| १७८ | फचिमटार कृषक समुह | ४७०४८७ | ४७७४०० | ६९१३ |
| जम्मा | | | | २५१०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,१०५ |

४० **स्यानीटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले २०००० प्याकेट स्यानिटरी प्याड रु ८५६५४० मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा १३९० प्ययाकेट राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **नतिजामा आधारीत प्रोत्साहन** (२५४-२०८०-३-२८):

व्यवस्थापकीय र शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारीत प्रोत्साहन अनुदानका लागि छनौटको आधार २०७९, अनुसार विद्यालयले व्यवस्थापन समितिबाट स्वीकृत योजनामा मात्र प्रोत्साहन अनुदान खर्च गर्नुपर्ने । पालिकाले श्री वागेश्वरी मा. वि लाई रु ५०००००  भुक्तानी गरेको तर उक्त रकम कुन प्रयोजनमा खर्च गरेको त्यसको कार्यसम्पन्न प्रतिवेदन, प्रगती प्रतिवेदन नदेखिएकोले सो खर्चको कार्यसम्पन्नको प्रमाण पेश गर्नुपर्ने रु ...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४२ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, तथा स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु १७४९०४२७ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । पालिकाले कोटेशन र ठेक्का प्रक्रिया मार्फत यस आर्थिक वर्षमा रु १८५५३१५ बराबरको औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ती हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• आपूर्ती भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४४ शिक्षक दरबन्दि र पदपूर्ती

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालय संङ्या | स्वीकृत दरबन्दी | पदपूर्ती | पदपूर्ती मध्ये करार | रिक्त | विद्यार्थी संङ्या |
|---|---|---|---|---|---|
| ७३ | २७५ | २७५ | ३७ | ० | ९५१८ |

पालिका अन्तर्गत ७३ विद्यालयमा २७५ दरबन्दि रहेकोमा २७५ नै पदपूर्ती रहेको र पदपूर्ती मध्ये ३७ जना करार /राहत शिक्षक रहेको देखिन्छ । ७३ विद्यालयमा जम्मा विद्यार्थी संख्या ९५२८ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४५ बाख्रा तथा पाठा पाठी वितरणः

पालिकाले लागत साझेदारीमा बाख्रा तथा पाठापाठी प्रवर्द्धनका लागि विभिन्न कृषक समूह सहकारीलाई अनुदान उपलव्ध गराएकोमा पटके निर्णयका आधारमा वितरण गरेको छ । खरिदको लागत अनुमान, स्पेशिफिकेशन नवनाउँदा खरिद मुल्य पटकै पिच्छे फरक रहेकोले खरीद मितव्ययी छ भन्न सकिने आधार छैन । लागत अनुमान र स्पेशिफिकेशन नवनाउँदा कति तौल, कति महिना, कति किलो र कुन जात कुनै विवरण नखुलेको हुँदा खरीद गरीएका वस्तु यथार्थ नै छ भन्ने आधार देखिदैन । वितरण गरिएका बाख्रा तथा पाठापाठीको स्वास्थ्यका वारेमा पशु चिकित्सकबाट प्रमाणित गराई वितरण गर्नु गराउनु पर्नेमा सो गरेको छैन। खरीद गरीएका बाख्रा तथा पाठापाठीको बिमा पनि गरीएको छैन। विगतमा यस्तै सर्तमा कति कृषकलाई कति बाख्रा तथा पाठापाठी वितरण गरिएको थियो यसको कुनै विवरण अद्यावधिक छैन ।जसले गर्दा दोहोरो परे नपरेको यकिन हुन सकेन । यस्तै प्रकारको अनुदान प्रदेश सकरकारबाट पनि वितरण गर्ने गरेकोले दोहोरो पर्न जाने पनि देखिन्छ । तसर्थ नियमित अनुगमन गरी वितरण भएका कृषकलाई कार्ययोजना तयार गरी अभिलेखिकरण गरी दोहोरो नपर्ने गरी अनुदान दिने गर्नु पर्ने देखिन्छ ।कृषक छनौटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई उक्त संस्था तथा कृषक छनौट भए सो खुल्ने आधार केही देखिदैन।वडाबाट खरिद भई सामाग्रीहरू हस्तान्तरण भएको र व्यक्ति तथा संस्था तोकी वडाबाट भुक्तानीको लागि सिफारीस भएको पाइयो । निश्चित कानूनी आधार वेगर छनौटका आधार वेगर अनुदान दिएको उपयूक्त देखिएन । यस्ता वितरण प्रक्रियालाई पालिकाबाट व्यवस्थित गरी अनुदान दिने व्यवस्था गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा अनुदानको परीक्षण गर्दा निम्न पशु फारामबाट खरीद गरीएका केही उदाहरण निम्नानुसार छ ।

| शिर्षक | गोभौनं र मिति | खरीद गरीएको फर्म | पशु विवरण | संख्या | रकम |
|---|---|---|---|---|---|
| गाउँपालिका पूँजी | ३०६-०८०/०१/१७ | उपरदाङ्ग गठी कृषि तथा पशुपक्षिपालन सहकारी संस्था लि. | बाख्राको पाठपाठी | १७ | ९०६१० |
| | | | बाख्रा | ५ | ५२००० |
| | 305-080/01/17 | टेकवाङ कृषि फार्म | बाख्राको पाठपाठी | २५ | 237500 |
| | | | बाख्रा | 18 | 247500 |
| | | | | | 627610 |

सैद्धान्तिक बेरुजु

## ४६ निशुल्क पाठ्यपुस्तक अनुदान

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागी निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रममा स्थानीय तह अन्तरगत सञ्चालित विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिहरुलाई IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २५% दिने व्यवस्था छ ।पालिकाले नयाँ भर्ना भएपश्चात १०० % रु ४८७२४६८ भुक्तानी दिएको पाईयो।यसरी शत प्रतिशत रकम एउटै किस्तामा दिदा पालिकाले शैक्षिक सत्रको सुरुवातमै विद्यार्थीले पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गरेको पाइएन यस कुरालाई पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ४७ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। गाउँसभाको निर्णय बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीलाई अतिरिक्त समय काम गरेबापत महिनामा ३० घण्टा अतिरिक्त समय काम गरेबापत प्रोत्साहन भत्ता दिने निर्णय भएता पनि कार्यालयले प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीको अतिरिक्त समय काम गरेको समय तालिका तथा सोको हाजिरी रजिष्ट्रर समेत नराखी रु.३७,४५,५९२।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ४८ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा सहायक पाँचौं (प्रशासन) मा १ जना र दरबन्दी विना सहायक कम्प्युटर अपरेटर २ जना नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो।

साथै दरवन्दी स्विकृत नगरी २३ जना कार्यालय सहयोगी पदमा नियुक्ती गरि तलब भत्ता भुक्तानी गरेको पाईयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **सफ्टवेयर खरिद** (५५८-२०८०-३-६):

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। यस गाउँपालिकाले ले सम्बन्धी सफ्टवेयर विगतका वर्षमा खरिद गरी यस आबमा विजनेश म्यानेजमेण्ट प्रा ली लाई सफ्टवेयर नविकरण बापत रु १,३१,६४५।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **दहत्तर बहत्तर कर संकलनमा २५ प्रतिशत रकम तलबमा** (८७-२०७९-६-१२):

दहत्तर बहत्तर सम्बन्धी करको दर र प्रकृया सम्बन्धमा बागमती प्रदेश सरकारको आर्थिक ऐनले निर्धारण गर्ने र संकलन स्थानिय तहले गर्ने व्यवस्था छ। यस गाउँपालिकाले दहत्तर बहत्तर सम्बन्धी कर संकलनका लागि नियम विपरित संगीता श्रेष्ठ लाई संकलन गरेको कुल रकम रु ९२५०० रकमको १५ प्रतिशत रु ३१३०० दिई चालु तर्फको गोश्वरा भौचर नं ८७ मिति २०७९।०६।१२ बाट खर्च लेखेको छ। यसरी राजश्वमा नियमविपरित कर संकलन र संकलनकर्तालाई रकम दिने नियम सम्मत देखिएन। कानुन बमोजिम कर संकलन तथा दाखिला गरि यस्त विषयमा नियन्त्रण गर्नु पर्दछ। अनियमित भएको रकम रु

| | |
|---|---|
| अनियमित भएको | ९२,५०० |

५१ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.१०,००,०००।०० ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००,००० |

५२ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी यस आब मा विभिन्न संघसंस्था र व्यक्तिहरुलाई उद्धार राहत तथा पुर्नस्थापन खर्च भनी रु. ५,१५,५००।०० तथा अन्य कार्यक्रम खर्च ब उ शि अन्तर्गत आर्थिक सहायता वितरण गरेको छ। जसले

पालिकाको व्यायभार बढाएको छ। पालिकाले आन्तरिक आयलाई आधार बनाई निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।लेखा परीक्षणका क्रममा नमुना छनौट गरि हेर्दा केहि आर्थिक सहायता सम्बन्धी खर्चहरु निम्न छन्:

| गो भौ नं | भुक्तानी मिति | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ६१२ | २०८०।३।१७ | राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान नेपाललाई | १२०००० |
| ६३१ | २०८०।३।१८ | लायन्स क्लब मलेखु को खाना खाजा बापत सहयाता | ५०००० |
| ५८ | २०७९।६।११ | गाउँपालिका स्तरिय महिला मानव रक्षक सञ्चालकलाई तिज लगायतका कार्यक्रमका लागि सहायता | १२९९१० |
| १०९ | २०७९।६।३१ | जनमुक्ती सेनाबाट नेपाली सेनामा समायोजित भै अवकास प्राप्त समुह लाई | ३०००० |
| १७२ | २०७९।७।३० | धादिङ जिल्ला क्रिकेट संघ लाई खेलाडी सम्मानका लागि | २००००० |
| ६७३ | २०८०।३।२२ | भद्रकाली सामुदायिक विकास समाज लाई तिज विशेष कार्यक्रमका लागी सहयोग | ५०००० |
| ११३ | ०७९।०७।१३ | सशस्त्र प्रहरी वल आदमघाट का लागि सवारी मर्मत सहयोग | ५०००० |
| १७३ | २०७९।८।११ | जिल्ला प्रहरी कार्यालय धादिङका लागि सवारी मर्मत सहयोग | ६०००० |
| ७८ | २०७९।०६।१२ | शहिद तथा पालिका कर्मचारीलाई सम्मान तथा पुरस्कार रकम वितरण | १००००० |

सैद्धान्तिक बेरुजु

५३ **खर्चमा मितव्ययिता**

गाउँपालिकामा हाल २ वटा जिप, १ एक थान जेसिभि, १ थान टिपर र १३ वटा मोटरसाईकलहरु रहेको जिन्सी अभिलेखबाट देखिन्छ। यस वर्ष पालिकाले सवारीसाधन तथा मेशिन औजार भाडा शिर्षकमा पालिकाका विभिन्न स्थानमा अनुगमन तथा सामाग्री ओसारपसारका लागि सवारी साधन भाडामा लिई रु. १५,४३,६७२। खर्च लेखेको देखिन्छ। त्यस्तै सवारी साधनको ईन्धनमा ३२,४०,८२७।०० र सवारी साधन मर्मतमा १७,७७,५६२।०० खर्च लेखेको देखियो। कार्यालयमा सवारी साधन लग बुक अभिलेख नभएको तथा ईन्धनको PAMS मा खर्च प्रविष्ट भएको देखिदैन। जसबाट कुन सवारीमा कति ईन्धन खर्च भएको हो भन्ने विवरण एकिन गर्न सकिएन। यस शिर्षकमा भएको खर्चबाट पालिकामा आर्थिक खर्चको भार बढेको देखिन्छ। पालिकाले सवारी लगबुक तथा सवारीसाधन सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली प्रयोग गरि ईन्धन खर्च पारदर्शी बनाई नियन्त्रण गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५४ **स्वास्थ्य बीमा** (६६२-२०८०-३-२१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ। कार्यालयले पालिकाको वडा नं २ मा स्वास्थ्य विमा गर्न ६५ घर परिवार का १६० जना व्यक्तिको विल प्रमाण विना भुक्तानी दिएको रकमको विल प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२७,५०० |

५५ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत पालिकाका कर्मचारीको रु. १,८५,४०,५६५।०० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५६ **सहकारी संस्थामार्फत तालिम** (६४९-२०८०-३-२०):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ। यस गाउँपालिकाले पौरखी महिला विकास सहकारी संस्था ली. लाई सिलाईकटाई तथा साबुन कुसन बनाउने तालिम सहकारीका सदस्यलाई दिएबापत रु ३०००००  भुक्तानी दिएकोमा सो तालिममा United Service Foundation Nepal ले सहयोग गरेको देखिएको हुदा सो सहयोगको प्रकार र सहयोग रकम सम्झौतामा नखुलाई नियम विपरित सहकारीलाई भुक्तानी दिएको अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

५७ **सूचना प्रकासन प्रसारण तथा छपाई**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र खर्च गर्नु पर्दछ। सरकारी कोषमा व्यायभार पर्ने गरी सरकारी सूचना बाहेक अन्य सूचना शुभकामना सन्देश लगायतका कुनै विज्ञापन गर्न वा गराउनु हुँदैन। यस पालिकाले विभिन्न मिति र गोश्वरा भौचरबाट सूचना सन्देश तथा विज्ञापन छपाई खर्च भनी रु २२४६,३६७। खर्च गरेको देखिन्छ।जसले पालिकाको व्यायभार बढाएको छ। पालिकाले आन्तरिक आयलाई आधार बनाई निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गरि पालिकालाई आवश्यक सूचना तथा कार्यक्रम प्रकाशन प्रशारणका लागि सम्झौता गरि मितव्ययी र कानुनबमोजिम भुक्तानी खर्च लेख्नु पर्दछ। लेखा परीक्षणका क्रममा नमुना छनौट गरि हेर्दा केहि सूचना प्रकासन प्रसारण तथा छपाई सम्बन्धी खर्चहरु निम्न छन्:

| गो भौ नं | भुक्तानी मिति | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ६१८ | २०८०।३।१७ | ईच्छा कामना FM दारेचोक | १००००० |
| ५४७ | २०८०।०३।०५ | रेडियो विहानी | १००००० |
| ५४९ | २०८०।३।५ | निलकण्ठ FM | १००००० |
| ५९९ | २०८०।३।१५ | राजमार्ग FM | २५००० |
| ६४७ | २०८०।३।२० | रेडियो धादिङ | १००००० |
| ६४८ | २०८०।३।२० | मम् नेपाल मिडिया प्रा ली | १०००० |
| ६५७ | २०८०।३।२१ | एक्सिस मिडिया प्रा ली | १९२१० |
| ६७५ | २०८०।३।२२ | आव्हान मिडिया प्रा ली | २०००० |
| ६७८ | २०८०।३।२३ | विभिन्न ६ वटा मिडियालाई | ११०००० |
| ६८४ | २०८०।३।२४ | पोईन्ट मिडिया प्रा ली | २०००० |
| ५१ | २०७९।६।११ | एन एस मिडिया प्रा ली | २७००० |

सैद्धान्तिक बेरुजु

५८ **लागत सहभागिता —**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **उपभोक्ता समितिः**

गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका ४३७ योजना मध्ये १५० योजनाको लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ ।त्यस्तै नियम 115.1 अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि 2075 अनुसार थप सुधार गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

६० **सार्वजनिक परीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६१ **हेभी इक्विपमेण्टको प्रयोग —**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| 146-079/10/26 | घुम्ति खनिया चौर सडक निर्माण उ.स. | सडक निर्माण | ४८५०००.०० | जे.सि.वि | 544716.50 |
| 137-079/10/23 | चरौदी जनगाउँ सडक मर्मत उ.स. | सडक मर्मत | 679000.00 | जे.सि.वि | 598275.00 |
| 261-079/12/17 | बट्टार चरौदी खोला सडक उ.स. | सडक निर्माण | 1197000.00 | जे.सि.वि | 1317128.00 |
| 394-080/03/03 | लवाङ्ग चयागाउँ सडक उ.स. | सडक निर्माण | 421894.00 | एक्साभेटर | 465833.46 |
| 389-080/02/30 | जिरवाङ यारवाङ सडक उ.स. | सडक निर्माण | 1489131.00 | एक्साभेटर | 1681440.00 |
| | जम्मा | | | | 4607393.00 |

सैद्धान्तिक बेरुजु

६२ **प्राविधिक बिल र कार्य सम्पन्न-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको

आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले साविक ३ वटा हाल २ वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये निम्नानुसार रकम बैंकबाट फिर्ता भएको देखिन्छ

| किस्ता | निकासा रकम | लाभग्राहीको खातामा वितरण रकम | फिर्ता |
|---|---|---|---|
| १ | २९५७४५१६ | २९५७४५१६ | ० |
| २ | ३१४७६८४१ | ३१४७६८४१ | ० |
| ३ | ३१५७२२४० | ३१५७२२४० | ० |
| ४ | ३१९०२६७५ | ३१९०२६७५ | ० |
| जम्मा | १२४५२६२७२ | १२४५२६२७२ | ० |
| | | कुमारी बैंकबाट फिर्ता | ४४१५४९ |
| | | प्रभु वैंकबाट फिर्ता | १३५१३ |
| | | जम्मा फिर्ता | ४५५०६२ |

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्:

सामाजिक सुरक्षा भत्ता आर्थिक वर्ष भित्र विभिन्न कारणले लगत कट्टा गरि सम्बन्धित लाभग्राहिको खातामा भएको रकम सम्बन्धितलाई वा मृत्यु भएर लागत कट्टा भएमा लाभग्राहि वा हकवाला मार्फत पाउने रकम भुक्तानि गरि बाकि रकम संघिय संचित कोषमा नियमित रुपमा फिर्ता गर्नु पर्ने कार्यविधिमा व्यवस्था छ। साथै एक आर्थिक वर्ष भित्र सम्ममा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरि त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानिय तहले छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित वैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्दछ भनि व्यवस्था छ। यस बर्षमा पालिकाले रकम रु ४,५५,०६२।०० फिर्ता गरेको कागजात पेश गरेको देखिन्छ। यस गाउँपालिकाले फिर्ता गरेको रकम उल्लेखित व्यवस्था बमोजिम वैंकबाट फिर्ता गरेको

विवरणमा के कती कारण बाट भएको हो सो विवरण राखेको देखिएन। सो विवरण तयार गरि रकम के कति फिर्ता भयो र बाकि के कति छ भन्ने सम्बन्धमा यकिन गरि फिर्ता गर्न बाकि भए यथासिघ्र दाखिला गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६४ **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६५ **बीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले रु बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा पलाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ। निर्माण व्यवसायीले २० लाख माथी ठेक्काको विमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी विमा अवधि थप गर्ने गरेको देखिएन। सम्भावित जोखिम बहन गर्न ठेक्काको मर्मत अवधी कभर गर्नेगरी विमाको पनि म्याद गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६६ **एज विल्ट नक्सा पेश नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ बमोजिम कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिम (एज विल्ट) नक्सा कार्यालयमा पेश गर्नु पर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्पन्न निर्माण कार्यको एजविल्ट नक्सा पेश गरेको देखिएन। नियममा भएको व्यवस्था पालना हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६७ **पशु प्रवर्द्धन कार्यक्रम** (४९ र ५१-२०८०-३-१७):

पशु प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधिमा कूल लागतको ५० प्रतिशत अनुदान र ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था छ। सोहि व्यवस्था बमोजिम प्रदेश सशर्त पूँजिगत बजेट अन्तर्गत २ वटा कृषि फर्मलाई १२ वटा मुर्रा भैसी र १० वटा फर्मलाई २३१ वटा वोयर र लोकल बाख्राको रु ३३९५०००.० ५० प्रतिशत अनुदान रकम पालिकाले उपलब्ध गराएको छ। प्रवर्द्धन कार्यक्रम अन्तर्गत खरिद गरिएका ती भैसी तथा बाख्राको स्वास्थ्य परिक्षण तथा विमा गराएको देखिएन। सम्भावित जोखिम घटाउन ती पशुहरुको स्वास्थ्य परिक्षण तथा विमा गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६८ **नन् फाईलर** (१८३-२०७९-११-११):

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। संघीय सशर्त पूँजीगतबाट कार्यालयले वडा नं ६ को कार्यालय भवन निर्माण कामको निर्माण व्यवसायी मोडर्न इन्जिनियरिङ कन्सट्रक्सन प्रा ली (VAT No 609816743) ले पेश गरेका अन्तिम रनिङ विल मूल्य अभिवृद्धि कर सहित रु. ३६८८८६०.० भुक्तानी गरेको तर निर्माण व्यवसायी कर विवरण नबुझाई २०७९ माघ देखि नन्फाईलर रहेको पाइयो। कार्यालयले निर्माण व्यवसायीलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. ४५८८९५.० मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशतले हुने रु. ३२१२२७.० भुक्तानी गरेको छ। कानूनी व्यवस्था अनुसार सम्बन्धित राजस्व कार्यालयमा नबुझाएको ७० प्रतिशत मूल्य अभिवृद्धि कर असूल गर्नु पर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२१,२२७ |

६९ **रीतपूर्वको विजक** (३८-२०८०-३-१):

मूल्य अभिविद्धि कर नियमावली २०५३ को नियम १७ मा सेवा प्रदायकले प्रापकलाई रितपूर्वको विजक दिनु पर्ने उल्लेख छ। संघीय सशर्त पूँजीगतको बजेटबाट कार्यालयले २० घरमा ६ घन मिटरको वायो ग्यास प्लाण्ट निर्माण गर्न जनज्योति गोबर ग्यास कम्पनीसँग सम्झौता गरी कार्य गराएकोमा कम्पनीले आफ्नो नामको विजक जारी नगरी ढुँगा गिट्टी र सिमेन्ट सप्लायर्सहरुको विल पेश गरी सम्झौता बमोजिम रु. ३८१६८०.० भुक्तानी लिएको देखियो। सेवा प्रदायक कम्पनीले विजक जारी नगरी भुक्तानी लिएको रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,८१,६८० |

७० **परामर्स तथा डीपीआर खर्च –**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरूयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्यविविरण** | **परामर्श दाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|
| संगठन तथा व्यवस्थापन सर्भेक्षण | श्री स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा.लि. | 5,00,000/- | 4,73,470/- |
| Design and Estimate of Maskharka-Bomrang Road | श्री इन्फ्राटेक डिजाइनर्स एण्ड बिल्डर्स प्रा.लि., | 97,910 (प्रति कि.मी.) 10,00,000/- | 90,400 (प्रति कि.मी.) 7,24,014/- |
| रणनैतिक योजना निर्माण | श्री सशक्तिकरण र दिगो विकास मञ्च | 9,76,320/- | 9,67,280/- |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

## ७१ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा 23 देखि 47 प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं. | ठेक्काकोविवरण | लागतअनुमान | सम्झौतामिति | सम्झौतारकम | सम्पन्नगर्नुपर्ने मिति | हालसम्मको भूक्तानी | म्याद अवधि |
|---|---|---|---|---|---|---|---|
| ०१/२०७९/०८० | गोईराङ कोटभञ्ज्याङ सडक | 10183981 | ०९-०४-२०७९ | ७७६११५८.९४ | ०३-२०-२०८० | 7403894 | |
| ०२/२०७९/०८० | ज्यामिरेघाटचैलिङ सडक | 10307786 | ०८-२७-२०७९ | ७३३५९१९.३२ | ०३-२०-२०८० | 7127069 | |
| ०३/२०७९/०८० | खटौटोपञ्चलिङ वर्पुक सडक | 10299690 | ०९-०३-२०७९ | ७८१४७७४.२८ | ०३-२०-२०८० | 7373228 | |
| ०४/२०७९/०८० | बिदाङ, चैलिङ बर्पुक खानेपानी | 7493894 | १२-१३-२०७९ | ६८४२५५१.०० | ०६-२०-२०८० | 4512331 | ३ महिन |
| ०५/२०७९/०८० | गोमतीईराड्ङ सडक | 10435099 | १२-०६-२०७९ | ८४३४६१४। ८८ | ०३-२०-२०८० | 8375878 | |
| ०६/२०७९/०८० | मासखर्कवोमराङ सडक | 10327472 | ०१-२५-२०८० | ५४०३५७२.३५ | ०९-२९-२०८० | 1185390 | ६ महिन |

सैद्धान्तिक बेरुजु

## ७२ **कन्टिन्जेन्सी खर्चः**

यस गाउँपालिकाले हरेक योजनामा ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति काटीयो भन्ने यकिन हुन सकेन । कन्टेन्जेन्सीको समेत खाता नराखेको कारण कति काटियो र कति खर्च गरीयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पष्ट हुने गरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाइयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## अनुगमन लेखापरीक्षण

७४ सम्मरीक्षण

७५ अनुगमन तथा मूल्यांकन

७६ सम्परीक्षण

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ , बेनीघाट रोराङ्ग गाउँपालिका , धादिङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | नर्बदा घिमिरे | २०८०-६-२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | बोधराज पाठक | २०७९-२-२७ | २०७९-४-१५ |
| कार्यालय प्रमुख | भीष्म कुमार मल्ल | २०७९-४-१५ | २०८०-६-२ |
| लेखा प्रमुख | सन्तोष अर्याल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,०२३,८५०.५८ | ३,७७४,१८० | ९४९,४४८ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ६,७४७,४७८.५८ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८२५६०९५२.२२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४५११६५८४२०.७९ | चालु खर्च | ३८५९८६८९१.६४ |
| प्रदेश सरकारबाट अनुदान | ६८२९४००२ | पूँजीगत खर्च | २६१४४४३९१.०७ |
| राजश्व बाँडफाँट | १३६७२०८८६.६४ | वित्तीय/अन्य व्यवस्था | ११७९७८५५ |
| आन्तरिक आय | २७६७९२८४.९ | | |
| अन्य आय | ८९८९२५०.० | | |
| कुल आय | ६९३३४१८४४.३३ | कुल खर्च | ६५९२२९१३७.७१ |
| बाँकी मौज्दात | | ११६६७३६५८.८४ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | प्रशासनिक खर्च | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| २ | कार्यक्रम खर्च | कृषि तथा पशुतर्फ |
| ३ | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| ४ | ठेक्का व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| ५ | विविध | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ६ | उपभोक्ता समितिमार्फत खरिद | ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| ७ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |